# COVID-19

## (संक्रामक रोग नोभल कोरोना भाइरस)

## को नियन्त्रण तथा संक्रमण फैलिन नदिनको लागि



WEB साइट (स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयद्वारा "विभिन्न भाषाहरूमा तयार गरिएको COVID-19 को जानकारी") को लागि यहाँ

* जापानीज अंग्रेजी चीनियाँ कोरियाली पोर्तुगाली

https://www.covid19-info.jp/




## दैनिक जीवनमा के गर्नुपर्छ?

**COVID-19 भनेको कोरोना भाइरस (SARS - CoV-2) को कारण हुने संक्रामक रोग हो र यो रोगले मुख्यतया ज्वरो, खोकी जस्ता लक्षणहरू देखिने गर्छ। सामान्यतया यो रोग ड्रपलेट इन्फेक्शन र कन्ट्याक इन्फेक्शनद्वारा फैलिन्छ। विशेष गरी तलका कुराहरूमा ध्यान दिनुहोस्।**

तीन अवस्थाहरू (बन्द ठाउँ, भिडभाड भएको ठाउँ र नजिकै बसेर कुराकानी गर्नुपर्ने परिस्थिति) बाट टाढै रहने र संक्रमितसँग सम्पर्कमा आएको सम्भावनाबारे थाहा पाउन सकिने COVID-19 Contact-Confirming Application (COCOA) प्रयोग गर्नुहोस्।

COCOA डाउनलोड गर्नको लागि यहाँ

Google Play

App Store




ज्वरो जस्ता रुघाखोकीका लक्षणहरू भएको बेला, विद्यालय वा कार्यस्थलबाट बिदा लिनुहोस् र सकेसम्म घर बाहिर नजानुहोस्। हरेक दिन शरीरको तापक्रम नापी रेकर्ड गरेर राख्नुहोस्।







दीर्घकालीन रोग भएको व्यक्तिमा लक्षणहरू परिवर्तन भएमा र COVID-19 बाहेकका रोगहरूको चिन्ता भएको व्यक्तिले, सर्वप्रथम सधैँ जँचाउने चिकित्सक आदिलाई फोन सम्पर्क गरी परामर्श लिनुहोस्।




## COVID-19 त होइन जस्तो लागेको बेला, के गर्दा राम्रो हुन्छ?

पछाडिको पृष्ठमा हेर्नुहोस्।

विस्तृत विवरण सम्बन्धी नयाँ जानकारीको लागि HP मा हेर्नुहोस्।

ひと、くらし、みらいのために
厚生労働省
Ministry of Health , Labour and Welfare
स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय

# COVID-19 त होइन जस्तो लागेको बेला, के गर्दा राम्रो हुन्छ?



## तुरुन्तै स्वास्थ्य संस्थामा नगईकन, सर्वप्रथम परामर्श लिनुहोस्। विस्तृत जानकारीको लागि WEB साइट हेर्नुहोस्।

* जाँचको आवश्यकताबारे चिकित्सकद्वारा व्यक्तिगत रूपमा निर्णय गरिनेछ।

---

● **कम्तिमा पनि, निम्न मध्ये कुनै एकमा पर्ने खण्डमा, परामर्श लिनुहोस्। तपाईंको क्षेत्रको परामर्श काउन्टरको जानकारी आदिको लागि WEB साइट हेर्नुहोस्।**

**•सास फेर्न गाह्रो, बेस्कन शरीर थाकेर आलस्य (थकान महसुस) र उच्च ज्वरो जस्ता लक्षणहरू मध्ये कुनै एक गम्भीर भएको खण्डमा**

मान्छे अनुसार लक्षणहरूको गम्भीरता फरक हुने हुनाले कुनै लक्षण गम्भीर लागेमा, तुरुन्तै परामर्श लिनुहोस्।




**•संक्रामक रोग गम्भीर हुने सम्भावना बढी भएको व्यक्ति* लाई ज्वरो, खोकी जस्ता तुलनात्मक हिसाबमा हलुका रुघाखोकीका लक्षणहरू भएको खण्डमा**

* वृद्धवृद्धा, मधुमेह, हर्ट फेल, श्वाशप्रश्वास सम्बन्धी रोगहरू (COPD आदि) जस्ता दीर्घकालीन रोग भएको व्यक्ति, डायलिसिस गरेको व्यक्ति, इम्युनोसप्रेसन्ट वा क्यान्सर विरुद्धको औषधि आदि प्रयोग गरिरहेको व्यक्ति

**•माथिका अवस्थाहरूमा नपर्ने तर निरन्तर ज्वरो वा खोकी जस्ता तुलनात्मक रूपमा हलुका रुघाखोकीका लक्षणहरू देखिइरहेको व्यक्ति।**

मान्छे अनुसार लक्षणहरूको गम्भीरता फरक हुने हुनाले कुनै लक्षण गम्भीर लागेमा, तुरुन्तै परामर्श लिनुहोस्।
निरन्तर 4 दिन वा सोभन्दा बढी भइरहेमा अनिवार्य रूपमा परामर्श लिनुहोस्।
ज्वरो घटाउने औषधि आदि सेवन नगरीकन नहुने व्यक्तिले पनि अनिवार्य रूपमा परामर्श लिनुहोस्।




•गर्भवती महिला र बालबालिका भएका व्यक्तिहरूले WEB साइट पनि हेर्नुहोस्।

---

● **लागि परामर्श केन्द्र बाहेक, क्षेत्र अनुसार चिकित्सक संघ, क्लिनिक आदिमा पनि परामर्श लिन सकिने अवस्थाहरू हुन सक्छन्।**

● **नगरपालिका/गाउँपालिका वा नजिकको स्वास्थ्य केन्द्र, क्वारेन्टाइन केन्द्र आदिबाट निर्देशन दिइएको खण्डमा, उक्त निर्देशनको पालना गर्नुहोस्।**

## स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गर्नुपर्ने भएमा, के-कस्ता कुराहरूमा ध्यान दिनुपर्छ?

स्वास्थ्य परीक्षण गर्दा निम्न कुराहरूमा ध्यान दिनुहोस्।

● बहुसंख्य स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराउन गएको कारण संक्रमण फैलिएको उदाहरणहरू हुनाले, चिकित्सकको निर्देशन बिना बहुसंख्य स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराउन नजानुहोस्।

● स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण गराउन जाँदा, मास्क लगाउनुका साथै पूर्ण रूपमा हात र हातका औंलाहरू धुने र खोकी मर्यादा*को पालना गर्नुहुन अनुरोध गर्दछौं।

* खोकी मर्यादा भनेको खोक्दा वा हाछ्युँ गर्दा मास्क वा टिस्यू, रुमाल, बाहुला, कुहिनोको भित्री भाग आदि प्रयोग गरी नाक र मुख छोप्नु हो।



## म मेरो मातृभाषामा सोधपुछ गर्न सक्छु?

केही भाषाहरूमा सोधपुछ गर्न सकिन्छ। तपाईंको क्षेत्रको परामर्श काउन्टरको जानकारी आदिको लागि, WEB साइट हेर्नुहोस्।

**WEB साइट (स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयद्वारा "विभिन्न भाषाहरूमा तयार गरिएको COVID-19 को जानकारी") को लागि यहाँ**

जापानीज अंग्रेजी चीनियाँ कोरियाली पोर्तुगाली
**https://www.covid19-info.jp/**

ひと、くらし、みらいのために
厚生労働省
Ministry of Health, Labour and Welfare
स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय

विस्तृत विवरण सम्बन्धी नयाँ जानकारीको लागि HPमा हेर्नुहोस्।